बैठक संख्याः १/२०८३/०८४

मितिः २०८३/०४/१३

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | खमजङ खत्री | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| <u>अन्य</u> | | | | |
| १. | | देविलाल बि.क. | निवर्तमान प्र.प्र.अ. | भूमे गाउँपालिका रुकुम(पूर्व) |
| २. | | प्रेम प्रसाद भट्टराई | व.प्रशासकीय अ. | '' |
| | | | | |

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. १/०८३-८४ मिति २०८३।०४।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब</u>

<u>प्रस्तावहरु:</u>

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| २. | वार्षिक खरिद योजना र खरिद गुरुयोजना सम्बन्धमा । | |
| ३. | कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धमा । | |
| ४. | आयोजना बैंक स्थापनामार्फत सेवा प्रवाह लाई थप प्रभावकारी बनाउने सम्बन्धमा । | |
| ५. | बार्षिक समीक्षा सम्बन्धमा । | |
| ६. | सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा । | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०८३/०४/१३
पद : प्र.प्र.अ./सचिव

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. १/०८३-८४ मिति २०८३।०४।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब*

निर्णय नं. १:

आर्थिक वर्ष २०८२/८३ को सेवा प्रवाह र विकास निर्माण गतिविधि सम्बन्धमा विषयगत शाखा तथा कर्मचारीहरुसँग समीक्षा गरियो । अघिल्लो आर्थिक बर्षको कार्यसम्पादनलाई पाठ तथा मार्गदर्शनको रुपमा लिँदै चालु आर्थिक वर्षको वार्षिक कार्यसम्पादनलाई प्रभावकारी बनाउने निर्णय गरियो।

निर्णय नं. २:

चालु आर्थिक बर्षको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि वार्षिक खरिद योजना र खरिद गुरुयोजना ~~स्वीकृत~~ तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

गाउँपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि पालिकाको समग्र कार्यप्रणालीलाई थप व्यवस्थित र प्रभावकारी वनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन कारार सम्झौता गरी सोही आधारमा प्रमुख प्रशासकीय अधिकृत र बिषयगत शाखा/कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

भूमे गाँउपालिकाको गुरुयोजना तथा आवधिक योजनाको लक्ष्य प्राप्तिको लागि गाँउपालिकामा हाल आयोजना बैंकलाई वस्तुगत बनाउन सबै वडा कार्यालयहरुको आयोजना तथा कार्यक्रमको यकिन तथा पहिचान गरी निर्धारित ढाँचामा वि.सं. २०८३ भाद्र महिनाभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने र असोज मसान्तभित्र कार्यक्रम आयोजना बैंक व्यबस्थापन प्रणालीमा अध्यावधिक गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अन्तिम चौमासिक अवधि र वार्षिक अवधिमा सम्पादित सेवा प्रवाह र विकास निर्माण लगायत समग्र गाउँपालिकाको कार्यसम्पादनको वार्षिक समीक्षा कार्यक्रम मिति २०८३।०४। १८ र १९ गते भूमे गाउँपालिका कार्यालयमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अन्तिम चौमासिक अवधि र वार्षिक अवधिमा सम्पादित सेवा प्रवाह र विकास निर्माण सम्बन्धी कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३।०४।२० गते भूमे गाउँपालिका कार्यालयमा गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर:
२०८३।०४।१३

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १/०८३-८४ मिति २०८३।०४।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — | फरक मत नरहेको | — |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति : २०८३/०४/१३
पद : प्र.प्र.अ./सचिव